# कञ्चनरुप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, कंचनपुर, सप्तरी

दशौं नगर अधिवेशनका सभाध्यक्ष महोदय,
नगर अधिवेशनका सदस्यहरू,

**दशौं नगर अधिवेशनका सभाध्यक्ष महोदय,**
**नगर सभाका सदस्यज्यूहरु**

१. यस गरिमामय दशौं नगर अधिवेशनमा कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाको नगर उप प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम वजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, संघीय लोकतान्त्रिक गणतन्त्र समानताको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत विभिन्न पहिचान र अधिकार प्राप्तिका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**सभाध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु**

**कञ्चनरुप नगरपालिकाको दशौं अधिवेशनका आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रम बजेटको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु**

३. नेपालको संविधान र त्यस मातहत बनेका कानूनहरु, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौ योजना र दिगो विकासका लक्ष्यलाई आधार बनाएको छु । साथै कञ्चनरुप नगरपालिकाको आवधिक नगर विकास योजना, क्षेत्रगत नीति तथा रणनीतिहरुलाई आधार बनाउँदै वजेट नीति तथा कार्यक्रम वजेट तर्जुमा गरिएको छ ।

४. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिइनेछ ।

(५) सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशिल, समुन्नत, स्वामित्व एवं समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्दै गइनेछ ।

(६) सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वस्थ सेवा सर्वशुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नति र स्वास्थ्य जनशक्ति विकासमा जोड दिंदै **“स्वस्थ्य नागरिक, समृद्ध नगरपालिका”** मूल नाराका साथ स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।

(७) विकासको शिघ्र प्रतिफल प्राप्त हुने र चालु आ.व.मा सम्पन्न हुने आयोजना/योजनाहरु कार्यान्वयनमा ल्याईनेछ ।

(८) गुणस्तरीय र जीवनपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार आधारभूत स्वास्थ्य तथा खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार विकास तथा निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

**सभाध्यक्ष महोदय एवं नगर अधिवेशनका सदस्यज्यूहरु**

**म आगामी आ.व.२०८१।०८२ को विषयगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**१. आर्थिक विकास :**

**१.१ कृषि क्षेत्र :**

९. कञ्चनरुप नगरपालिका भित्रका उर्वर कृषि भूमिको सदुपयोग गर्दै कृषि क्षेत्रमा रहेको पारम्पारिक तथा निर्वाहमुखी खेति प्रणालीलाई व्यवसायिकता तर्फ रुपान्तरण गर्दै उद्यमशिलता विकास, लगानी प्रवर्द्धन गरी रोजगारी श्रृजना गर्ने र उच्च आर्थिक वृद्धि हासिल गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. कृषि विद्युतिकरणलाई विस्तार, निःशुल्क कृषि मिटर, सिंचाई प्रयोजनका लागि हरेक वडाका वस्तीहरुमा कृषि विद्युतिकरण कार्यक्रममा वजेट विनियोजन गर्ने छु ।

११. कृषि उत्पादनमा वृद्धि गर्न र कृषकहरुको मनोवल उच्च राख्न लागत साँझेदारीमा कृषि विऊ, विजन, फलफूलका विरुवा, मल खाद, कृषि औजार, किटनाशक, विषादी, र कृषकलाई सहज रुपमा उपलब्ध गराइनेछ, गुणस्तरिय मौसमी, वहुवर्षिय र वेमौसमी खेती प्रवर्द्धनमा निरन्तरता दिइनेछ ।

१२. निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकिकरण, व्यवसायिकिकरण, वजारीकरण र यान्त्रिकिकरणमा रुपान्तरण गरी किसानहरुको सहज बजार पहुँचको लागि कृषि सडक निर्माणको लागि उच्च प्राथमिकता दिइनेछ ।

१३. हरवा चरवा, विपन्न, गरिव, भूमिहिन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल, महिला लगायतका लक्षित वर्गहरुका परिवारको आय/आर्जन तथा जिविकोपार्जनमा टेवा पुऱ्याउन प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१४. वैदेशिक रोजगारमा जाने तथा फर्केका युवा लक्षित कायर्क्रम सञ्चालन गर्न बहुउपयोगी परामर्श केन्द्र सञ्चालन गरिनेछ ।

१५. कृषियोग्य खेतीमा सिंचाई सुविधाको लागि कुलो पैनी मर्मत तथा साना सिंचाई कायर्क्रम संचालन गरिनेछ

१६. कृषि र पशुपंक्षीमा लाग्ने विभिन्न रोग/महामारी/किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शका लागि आवश्यक वजेट विनियोजन गरिने छ ।

१७. सिंचाई क्षेत्रको वृष्द्धि गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न डिप वोरिङ्ग र समर्सियल जडान कार्यक्रमको व्यवस्था मिलाइने छ ।

१८. मलखाद्य सहज आपूर्तिको लागि अधिकृत विक्रेताको संख्यामा वृद्धि गरिनेछ ।

१९. भूमी सम्बन्धी ऐन कानून ल्याई भू–उपयोग नीतिलाई अवलम्न गरिनेछ ।

२०. कोशी कटान तथा कोशी वन्यजन्तुबाट आएका जंगली जनावर आतंकबाट बच्नको लागि कोशी बाँध क्षेत्रमा भेपर लाइट जडान गरिने छ।

**१.२ पशुपंक्षी क्षेत्र :**

२१ निर्वाहमुखि पशुपालनलाई व्यवसायीमुखी गरी सम्भाव्यताको आधारमा गाई, भैंसी, बाखा, बंगुर पालन पकेट क्षेत्र संचालन गरिने छ।

२२. दूध उत्पादन बढी हुने वडाहरूमा डेरी पसल तथा दूध संकलन केन्द्र स्थापना गर्दै दूधको बजार व्यवस्थापनमा प्रोत्साहन गरिनेछ ।

२३. माछा पालन तथा मत्स्य वीज व्यवसायलाई दिगो व्यवस्थापन गर्न उत्पादन देखि वजारीकरणसम्म मूल्य श्रृंखलामा आधारित विशेष कार्यक्रम सञ्चालन गरिने छ।

२४. पशुहरूमा लागत कमगर्न घासको अहम भूमिका हुने भएकोले समय अनुसारको घासको बीउ उपलब्ध गराउन घासको वीऊ बैंक स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२५. पशुहरुमा लाग्ने खोरेत रोगको कारणबाट वर्षेनी पशुपालनमा क्षति पुग्ने खोरेत रोग मूक्त नगर बनाउने कार्यक्रम ल्याइने छ।

२६. यस नगरपालिकाको पेडा उत्पादनलाई जोड दिन लक्षित वर्गहरूलाई दूध उत्पादन कार्यक्रमहरू ल्याई प्रोत्साहित गरिनेछ ।

**१.३ सहकारी सम्बन्धी नीतिहरु :**

२७. हाल दर्ता भई सञ्चालनमा रहेका तर चलयमान नभएका सहकारीहरुलाई एकिकरण गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाइने छ।

२८. सहकारीहरुको क्षमता अभिवृद्धि, कार्यगत क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा तालिम, COPOMIS प्रविधिको विकास गर्ने नीति अवलम्बन गरिनेछ।

२९. कृषि तथा गैरकृषि सहकारी संस्थाहरूको प्रवर्द्धन गरी उत्पादन बढाईनेछ ।

३०. स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति गर्न चक्लाबन्दी खेतीमा जोड दिन नीति बनाइने छ ।

**१.४ पर्यटन क्षेत्र :**

३१. आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धन गर्न लब्ली पार्क देखि खोत्तर देवी हुदै धारापानी धर्मेश्वरसम्म पैदलमार्ग निर्माण, धर्मेश्वर पर्यटकीय स्थललाई स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ र विष्णु मन्दिर र भजनेश्वर मन्दिर लगायत अन्य मठ मन्दिर, मस्जिदहरूमा आन्तरिक पर्यटन अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

३२ नगर भित्र रहेका धार्मिक, सा□स्कृतिक एतिहासिक र प्राकृतिक पूर्वाधारहरूको जिर्णो□र, विकास र प्रवर्द्धन गर्ने गरी वजेट विनियोजन गरिनेछ ।

३३. पर्यटकीय स्थलहरूको एकिकृति विकासको लागि पर्यटन गुरूयोजनाको तयारी गरिनेछ ।

३४. धार्मिक तथा पर्यटकीय स्थलहरूको बृत्तचित्र निर्माण गरी संचारमाध्यम तथा अनलाईन सञ्चारको माध्यमबाट प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पयटकहरूलाई आकर्षित गरिनेछ ।

३५. मठ मन्दिर, मस्जिद, चर्च, प्रार्थना गृह निर्माण गरिनुको साथै धार्मिक स्थल, पयर्ट न स्थलहरूको जिर्णो□र तथा संरक्षण गरिनेछ ।

**१.५ उद्योग सम्बन्धी नीतिहरू :**

३६. स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरूको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था व्यवस्था गर्ने छु ।

३७. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेको व्यक्तिहरूमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, कृषि, लगायतका क्षेत्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी प्रदान गर्ने व्यवस्था मिलाउने छु ।

३८. नगरक्षेत्रमा रोजगारी प्रवर्द्धन गर्नका लागि औद्योगिक क्षेत्रको स्थापनामा विशेष जोड दिई स्वदेशी लगानीकर्तालाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।

३९. यस न.पा.मा भित्र उद्योग स्थापना गरी रोजगारी सृजना गर्ने साथै नया□ व्यवसाय गर्नेहरूलाई विशेष सहुलियत प्रदान गरिनेछ ।

४०. व्यापारीहरुको मनोबल बढाउन स्थानीय व्यापारीका सम्बन्धमा कञ्चनरुपमा पहिलो "कञ्चनरुप व्यापार मेला, २०८१ लगाउन विशेष योजना/कार्यक्रम ल्याउनेछु।

४१. स्थानीय स्तरमा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरु श्रम स्वीकृति/पुनः श्रम स्वीकृतिको व्यवस्था गरिनेछ।

**२. सामाजिक विकास क्षेत्र :**

**२.१ शिक्षा युवा तथा खेलकुद :**

४२. न.पा.भित्र आधारभूत तहको एक वहिरा विद्यालय र एक नमूना विद्यालयको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ।

४३. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यक वजेटको व्यवस्थापन गरिनेछ।

४४. विद्यालयहरुमा भौतिक सामुदायिक विद्यालयहरुमा तहगत शिक्षक दरबन्दीको संख्या न्यून भएकोले शिक्षण सिकाई क्रियाकलापमा अप्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा शैक्षिक गुणस्तर उकास्न नसहिएकोले सो शैक्षिक क्षति न्यूनीकरण गर्न एवम् शिक्षाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक संख्यामा TML शिक्षक भर्ना गर्न आवश्यक वजेटको व्यवस्था मिलाइनेछ।

४५. सूचना प्रविधिमा पहुँच बढाउन तथा प्रविधिमैत्री विद्यालय बनाउन शिक्षक कर्मचारी तथा विद्यार्थीलाई कम्प्यूटर सिप सम्बन्धी तालिमको व्यवस्था गरी कम्प्यूटर सीपमा दक्ष बनाउने नीति अवलम्वन गरिनेछ।

४६. विद्यार्थीको सर्वाङ्गिन विकास गर्नका लागि प्रत्येक हप्ता अतिरिक्त क्रियाकलाप गर्न लगाउने र सो का लागि विद्यालयलाई आवश्यक सहयोग गर्ने ।

४७. आ.व.२०८१।०८२ का लागि न.पा.अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आधारभूत तहका कक्षामा (१ देखि ३) स्थानीय मातृभाषाको पाठ्यपुस्तक लागू गरी छात्र/छात्रालाई मातृभाषामा शिक्षाको माध्यमबाट अध्ययन अध्यापन गराई सिकाईमा प्रभावकारिता ल्याउन स्थानीय मातृभाषाको संरक्षण, सम्वर्द्धन र विकास गर्नका लागि आवश्यक वजेटको व्यस्था मिलाइने छ ।

४८. साक्षर कञ्चनरुप नगरपालिका घोषणा गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४९. एक विद्यालय कम्तिमा एक बाल विकास शिक्षकको व्यवस्थाको लागि वजेट व्यवस्थापन गरिने छ ।

५०. खेलकुदको माध्यमबाट कञ्चनरुप न.पा.को पहिचान बनाउन प्रत्येक वर्ष नगर स्तरीय मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ ।

५१. एस ई ई विद्यार्थीका लागी निःशुल्क इन्ट्रान्स कक्षा सञ्चालन तथा विभिन्न तहका विद्यार्थीहरुका लागि लोकसेवा कक्षा सञ्चालन गर्ने नीति ल्याउनेछु ।

५२. मेयर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## २.२ स्वास्थ्य क्षेत्र :

५३. जनताको प्राथमिक स्वास्थ्य सेवालाई गुणस्तर तथा स्तरिय बनाउदै कंचनपुर नगर अस्पताल कंचनपुरमा बिशेषज्ञ सेवा साथै चिकित्सकबाट २४ सौ घण्टा ईमेरजेन्सि सेवा संचालनमा ल्याईनेछ । साथै २४ घण्टा फार्मेशी,ल्याब,भिडियो एक्स-रे लगायका सेवा संचालनमा निरन्तरता दिईनेछ ।

५४. मृगौला रोगीहरुको स्वास्थ्य रक्षाका लागि मृगौला डायलाईसिस केन्द्र संचालनमा ल्याईनेछ साथै निःशुल्क डायलाईसिसको ब्यबस्था मिलाईनेछ .

५५. वर्थिङ्ग सेन्टरहरुलाई थप ब्यबस्थित बनाउन आवश्यक उपकरणको सहित दक्ष प्रसुतिकर्मिबाट प्रसुति गराउन प्रोत्साहन गरी प्रसुति अवस्थामा भएको जटिलताको ब्यबस्थापन गर्न कंचनपुर नगर अस्पतालमा अप्रेशन सहितको(CEONC) सेवा संचालनमा ल्याईनेछ साथै कंचनरुप नगरपालिका लाई **पुर्ण संस्थागत प्रसुति सेवा (ZERO HOME DELIVERY)** घोषणा गरिनेछ ।

५६. कंचनरुप नगरपालिकाभरीको गर्भवती महिलालाई प्रसुती सेवाको लागि नगरभरीको वर्थिङ्ग सेन्टरमा आउन तथा जटिलता भई बाहिर प्रेषण गर्नु पर्दा र शर्प दंशबाट पिडित बिरामिलाई नियमानुसार निःशुल्क एम्बुलेन्स सेवाको ब्यबस्था मिलाईने छ ।

५७. विभिन्न संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता बिकास तथा जनचेतना मूलक कार्यक्रम सहित आवश्यक सुरक्षा सामाग्रिको ब्यबस्था मिलाईनुको साथै RRT टिमलाई तयारी अवस्थामा राखिनेछ ।

५८. २० हप्ता देखि २४ हप्ताको गर्भवती महिलालाई एनामेलि परिक्षण तथा ग्रामिण भिडियो एक्स-रे सेवा,क्याल्सियम चक्की र फोलिक एसिड चक्की तथा सुत्केरी महिलाको लागी निःशुल्क स्यानटरी प्याडको ब्यबस्था मिलाई "सुरक्षित मातृत्व नगर घोषणा" को लागी आवश्यक पुर्बाधार सहित वर्थिङ्ग सेन्टरहरुलाई सुबिधा सम्पन बनाईनेछ साथै नगरपालिका अन्तर्गत वर्थिङ्ग सेन्टरहरुको बिस्तार गरि बिभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ ।

५९. गर्भवती सेवा,प्रसुति सेवा,सुत्केरी सेवा र बालबालिकाको लागि पोषण सेवा लाई स्तरीय तथा सेवा मुलक बनाउनुको साथै परिवार नियोजन सेवालाई प्रभावकारी रुपमा संचालन गर्न " **हेलो सिस्टर"** कार्यक्रम लाई बिस्तार तथा प्रबिधि मैत्रि सहित निरन्तरता दिई कंचनरुप नगरपालिकालाई **पोषण मैत्री स्थानीय स्वास्थ्य संस्था/आमा र बालबालिका मैत्री** स्वास्थ्य संस्थाको रुपमा बिस्तार गरिनुको साथ साथै **" गर्भवती महिला संग मेयर"** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६०. पुर्णखोप नगरपालिका दिगोपनाको लागी तथा सेवा पहुँचमा बृद्विको लागी नियमित खोप सेवा लाई प्रभावकारी बनाउन नगरपालिका अन्तर्गत शहरी स्वास्थ्य ईकाई वडा नं.०८ मा संस्थागत खोप क्लिनिक संचालन गरी प्रत्येक हप्ता नियमित खोप सेवा संचालनमा ल्याईनेछ ।

६१. स्थानीय स्तरबाटै बालबालिकाको नियमित तौल तथा पाखुराको जाँचको ब्यबस्थाको साथै कुपोषण बालबालिकाको समयमै पहिचान तथा ब्यबस्थापन गर्ने साथै कंचनरुप नगरपलिका अन्तर्गत नगर अस्पतालमा आई.टि.सि.सेवा संचालनमा ल्याई " **पुर्णपोषण युक्त नगरपालिका घोषणा** " गरिनेछ ।

६२. पोषण मैत्री स्थानिय शासनको लागि " **नमुना पोषण गाँउ** " **"बिधालय तथा स्वास्थ्य संस्थाहरुमा नमुना करेशाबारी" तथा "एक घर एक करेशाबारी"**निर्माणको अवधारणालाई बिस्तार तथा प्रभावकारी बनाई पोषण बिशेषका थप कार्यक्रमलाई प्रोत्साहन गरिनुको साथै बहुक्षेत्रिय पोषणको प्रभावकारितालाई बृद्वी गरिनेछ ।

६३. कंचनपुर नगर अस्पतालमा **मानसिक परामर्श केन्द्र तथा मानसिक रोगीको ब्यबस्थापनको लागी सुधार केन्द्र** निर्माण तथा संचालन गरिनेछ ।

६४. महिला स्वास्थ्य स्वम सेबिका लाई आर्थिक रुपमा आत्म निर्भर बनाउन निजहरुको संलग्नतामा **महिला स्वास्थ्य स्वम सेबिका स्यानिटरी प्याड उधोग** संचालनमा ल्याई नगरपालिका अन्तर्गतका सम्पुर्ण महिलाहरुको लागि स्वास्थ्य संस्थाहरुबाट निःशुल्क स्यानिटरी प्याडको ब्यबस्था मिलाईनेछ ।

६५. सबै नागरिकको स्वास्थ्य बिमामा पहुँच गराउने उदेश्यकोलागि नगर अस्पतालमा बिमा कोषको स्थापना गर्ने साथै नसर्ने रोग भएको बिरामि (मधुमेह,उच्च रक्तचाप,क्यान्सर) लगायतका बिरामिकालागि पेन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

६६. प्रत्येक वडामा क्षयरोग निदानका लागि खकार परिक्षण शिबिर तथा प्रभावकारी कार्यक्रमहरु संचालन गरी कंचनरुप नगरपालिकालाई **"क्षयरोग मुक्त नगर घोषणा"**गरिनेछ ।

६७. **"जेष्ठ नागरिक जिबण सुरक्षा"** कार्यक्रम संचालनमा ल्याई जेष्ठ नागरिकहरुको लागी निःशुल्क स्वास्थ्य उपचारको ब्यबस्था मिलाईनेछ ।

६८. कंचनरुप नगरपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई **किशोर किशोरी मैत्री तथा बाल मैत्री स्वास्थ्य संस्थाको** रुपमा संचालन गर्न आवश्यक सेवाको साथै पुर्बाधारको ब्यबस्था मिलाईनेछ ।

६९. नगरपालिका अन्तर्गतका बिपन्न तथा अन्य महिलाहरुमा बिधमान रहेको आङ्ग खस्ने रोगको स्कृनिङ्ग गरी साथै अङ्ग खस्ने रोगवाट पिडित महिलाहरुलाई समेत स्वास्थ्य बिमा संग जोडि निःशुल्क पाठेघरको रोगको निदान उपचार र शल्य क्रियाको ब्यबस्था मिलाईनेछ ।

७०. बिपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यबिधि अनुसार महिला स्वास्थ्य स्वम सेबिका परिबार र बिपन्न तथा गरिव परिवार तथा कार्यबिधिमा तोकिए बमोजिमको लागी निःशुल्क स्वास्थ्य बिमाको ब्यबस्था मिलाईनेछ ।

७१. कंचनपुर नगर अस्पताल,स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्यकेन्द्र हरुबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य,पोषण लगायतका सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा सामाग्री को प्रयाप्त ब्यबस्था सहित जनशक्तिको उचित ब्यबस्था मिलाईनेछ ।

७२. नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको आफ्नै जग्गा,भवनको व्यवस्था मिलाईनेछ साथै स्वास्थ्य संस्थाहरुलाई स्तरोन्ति गरी औजार उपकरणको उचित ब्यबस्था मिलाईनेछ ।

७३. कंचनरुप नगरपालिकाको १२ वटै वडाहरुमा **Health and Well-Being Center** (स्वस्थ तथा निरोगी केन्द्र)को स्थापना गरि **"योग गरौ निरोग रहौ"** भन्ने अबधारणालाई दैनिक ब्यबहारमा ल्याईनेछ ।

७४. यस कंचनरुप नगरपालिका अन्तर्गतका ४ वटा वर्थिङ्ग सेन्टरको सेवालाई बिस्तार गरी MBBS डाक्टरबाट सेवा संचालनको ब्यबस्था मिलाईनेछ ।

७५. कंचनरुप नगरपालिका अन्तर्गतका साबिक वडाहरुमा अ.न.मी. हरुद्वारा घरदैलो सेवा (Roaming ANM service) को ब्यबस्था मिलाईनेछ ।

७६. कुपोषणबाट ग्रसित सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुको लागी बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिदै सन्तुलित पोषण र बिबिधतायुक्त खानाको लागी सचेतना मुलक कार्यक्रम,पोषण झोला तथा पोषिलो आहारा बितरण कार्यक्रमको साथै सबै वडाहरुमा पोषण केन्द्र स्थापनाको साथै नगर अस्पतालमा आई.टि.सि.केन्द्र संचालनमा ल्याईनेछ ।

७७. स्वास्थ्य संस्था तथा वर्थिङ्ग सेन्टरहरुबाट दिदै आएको सेवालाई थप गुणस्तरिय तथा सेवा मुलक बनाउन स्वास्थ्य कर्मिहरुलाई उच्च शिक्षा/तालिमको ब्यबस्था मिलाईनेछ ।

७८. खोप,सुरक्षित मातृत्व,प्रजनन् स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसंग सम्बन्धित आधारभुत सेवालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वम सेबिकाको उचित सम्माण तथा सेवा सुबिधामा बृधि गरिनेछ ।

७९. **"जनता संग मेयर कार्यक्रम"**अन्तर्गत सरकारी तथा गैर सरकारी अस्पताल,स्वास्थ्य संस्था संग समन्बय गरी नगरभरिको जनताको लागी घुम्ति तथा घर दैलो स्वास्थ्य शिबिर,बिशेषज्ञ स्वास्थ्य शिविर,क्यान्सर शिविर,दिर्घ रोगिको स्वास्थ्य परिक्षण शिविर,स्तन क्यान्सर स्कृनिङ्ग शिविर संचालन गरिनेछ साथै स्वास्थ्य सेवालाई प्रभाकारी बनाउन टेलि मेडिसिन सेवा संचालनमा ल्याईनेछ ।

८०. स्तनपानलाई प्रवर्धन गर्ने उदेश्यका साथ बट्टा दुधलाई बिस्थापित गर्ने, स्तनपान सम्बन्धि बिभिन्न जनचेतना मुलक कार्यक्रम संचालन गरी कंचनरुप नगरपालिकालाई **"पुर्ण स्तनपान नगरपालिका घोषणा"** गरिनेछ ।

८१. आयुर्बेद स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन आयुर्बेद औषधालयमा बिशेषज्ञ डाक्टरको ब्यबस्था मिलाई सेवालाई बिस्तार गरिनेछ ।

८२. किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप दिईनेछ साथै स्तन क्यान्सर निदान र उपचारलाई सरल तथा सहज बनाउन बिशेष किसिमको कार्यक्रम संचालनमा ल्याईनेछ ।

८३. किशोरीहरुमा बढदो रक्तअल्पता लाई न्युनिकरणको लागि हेमोग्लोबिन जाँच तथा दिसा जाँच शिविर संचालन गरी आईरन चक्कि तथा जुकाको औषधि नियमित बितरणको व्यवस्था मिलाईने छ।

८४. स्वस्थ्य सेवा लाई प्रभावकारी बनाउन दक्ष जनशक्ति उत्पादन गर्ने उदेश्यकासाथ स्वास्थ्य प्राबिधिक शिक्षाको पठन पाठनको ब्यबस्था मिलाईनेछ ।

## २.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

८५. ज्येष्ठ नागरिकको संजालिकरण, सम्मान र स्वास्थ्य परीक्षणको लागि विशेष सहयोग कार्यक्रम ल्याइनेछ ।

८६. वालश्रम मुक्त नगर बनाउने अभियान सञ्चालन गरिनेछ ।

८७. अपांगताहरूको हकहित संरक्षण तथा प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।

८८. अपांगता भएका व्यक्तिहरूको आवश्यक्ता पहिचान गरी सहायक सामाग्री उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

८९. एकल महिलाहरूको शीप तथा दक्षता अभिवृद्धिका लागि सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. वाल विवाह, दाइजो, वालश्रम, दहेज प्रथा, वहु विवाह, बोक्सीको आरोप जस्ता सामाजिक कुरीती अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरी यसको अन्त्य गर्ने नीति लिइने छ ।

९१. विभिन्न प्रकारका हिंसाबाट पिडित महिलाहरूलाई तत्काल उद्धार गर्नको लागि लैङ्गिक हिंसा निवारण कोष सञ्चालनामा ल्याई सेवा उपलब्ध गराइने छ ।

९२. किशोर किशोरीका लागि व्यवहारिक र जीवनपयोगी सीप प्रदान गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

९३. वाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

९४. महिला सेफ हाउसलाई थप व्यवस्थित गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।

९५. वालमैत्री शासन दिगोपनका लागि बालमैत्री स्वयं सेवकलाई निरन्तरता दिइनेछ ।

९६. सुनाई सम्बन्धी अपांगता भएका व्यक्तिहरूलाई वातावरण मैत्रीका लागि दोभाषेलाइ्र निरन्तरता दिइने छ

९७. जनप्रतिनिधी र वडा सचिवहरूलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९८. १२ वटा वडामा व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा र गुनासो सुनुवाई सम्बन्धी नि:शुल्क दर्ता शिविर सम्बन्धी कार्यक्रमको व्यवस्था गरिनेछ ।

९९. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र लगायत गुनासो सुनुवाई सम्बन्धी सम्प्रेषण तथा प्रचार प्रसार कार्यक्रम सञ्चालन गरिनेछ ।

**२.४ गैर सरकारी संस्था सम्बन्धी नीतिहरू :**

१००. नगर भित्र दर्ता भएका गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी संस्थाको प्रोत्साहन नियमन, खारेजी र विघट्नको नीति लिइने छ ।

१०१. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ□संस्थाहरूसंग समन्वय र सहकार्य गरी स्वास्थ्य, शिक्षा, पोषण, वाल संरक्षण, खानेपानी तथा सरसफाई, विपद् जोखिम न्यूनिकरण र वाल केन्द्रित योजना तर्जुमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिने र नगरको प्राथमिकताका क्षेत्रहरूमा परिचालन गर्ने नीति लिइनेछ ।

१०२. वैदेशिक रोजगारबाट फर्किएका मानिसहरूलाई वित्तिय साक्षरता मनोसामाजिक परामर्श सेवा कार्यक्रम सञ्चालन गर्न सामी परियोजना र ह्याभिट्याट फर हुम्यानिटीसंग समन्वय र सहकार्य गरी निरन्तरता दिने नीति दिइने छ ।

**२.५ सास्कृति प्रवर्द्धन**

१०३. संस्कृति संरक्षण र सम्बर्द्धनका लागि ऐतिहासिक पुरातात्विक सास्कृतिक, धार्मिक महत्वका पूर्वाधारको निर्माण, संरक्षण र सम्वर्द्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

१०४. परम्परादेखि चलिआएका धार्मिक एवं सांस्कृतिक मेला तथा पर्वहरूलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि तोकिए बमोजिम आर्थिक सहायता उपलव्ध गराईनेछ ।

१०५. लोपोन्मुख रूपमा रहेका संस्कृती तथा सम्पदाहरूलाई जगेर्णा र संरक्षण गर्न विशेष सहयोग र सहजिकरणका कार्यक्रम संचालन गरिनेछ ।

३. **पूर्वाधार क्षेत्र**

३.१ **सडक तथा पुल**

१०६. पूर्वाधार योजनाहरूको लागत इष्टिमेट, स्थलगत अनुगमन तथा मुल्यांकन कार्यलाई छिटो, छरितो तथा प्रभावकारी तवरले सम्पन्न गर्नका लागि जनशक्तिलाई आवश्यक तालिम, प्रविधिगत सहयोगको व्यवस्था मिलाईने छ ।

१०७. पूर्वाधार विकासका लागि आवश्यक्ता अनुसार सर्वेक्षण, डिजाइन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना दस्तावेज DPR, IEE, EIA तयारी आदि प्राविधिक अध्ययन गरिनेछ ।

१०८. उज्यालो कञ्चनरूपको अवधारणा अनुरूप प्रत्येक टोल टोल जोडिने सडकहरूमा सोलार, टावरबत्ति प्रविधिको माध्यमबाट सडकबत्ति जडान गरिने छ ।

१०९. नगरपालिकाको सम्पूर्ण वडा तथा सम्पूर्ण शाखाहरूको काम कार्यको निगरानी गर्न सि सि टि भी क्यामेरा जडान गरिनेछ ।

११०. सबै वडा, टोल जोड्ने पक्की सडक, ढल तथा कलभर्ट गुणस्तरीय तरिकाले गरिनुको साथै समय समयमा मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ ।

**सिंचाई**

३.२ **भवन तथा शहरी विकास**

१११. नगरभित्रका खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध गराउनका लागि साना सिंचाई कार्यक्रम संचालन गरिनेछ

११२. घरनक्सा डिजाईन ड्रोइंग पेशामा आवद्ध कन्सल्टेन्सी तथा प्राविधिकलाई अनिवार्य रूपमा सूचीकृत हुने व्यवस्था मिलाईने छ ।

११३. नक्सा पास तथा अभिलेखिकरण प्रकृयालाई प्रभावकारी तथा पारदर्शिता बनाउनलाई Online Building permit system software सञ्चालनमा ल्याउने व्यवस्था मिलाईनेछ ।

११४. निजी तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रूपमा नक्सा पास गराई मात्र निर्माण गर्नु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

११५. नगरपालिका क्षेत्रभित्र बन्ने सबै घर मापदण्ड अनुसार भुकम्प प्रतिरोधात्मक घर निर्माण हुनेछन् ।

११६. भू–उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

११७. गरिव घर पहिचान र सुकुम्वासी तथा अव्यस्थित घरपरिवार व्यस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११८. भवन सम्पन्नताको प्रमाणपत्र दिंदा सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरू हटाएपछि मात्र प्रमाण-पत्र उपलब्ध गराइनेछ ।

११९. इलाका प्रहरी, इलाका प्रशासन कार्यालय लगायत सरकारी संरचनाहरूलाई जग्गा उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।

४. **वन, वातावरण तथा विपद् व्यस्थापन :**

४.१ **वन :**

१२०. **□जहा□बाटो त्यहा□रूख त्यसैले ल्याउछ परम सुख□** भन्ने प्रदेश सरकारले लिएको नारालाई साकार पार्न आगामी बाटो निर्माण गर्दा नगरपालिकाबाट सञ्चालित प्रत्येक योजनामा नारा अनुरूप अनिवार्य विरूवा रोप्ने नीति लिइनेछ ।

१२१. सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार, वनक्षेत्र लगायत निजी क्षेत्रमा समेत वृक्षारोपण गरी हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।

१२२. नगर भित्रको राष्ट्रिय वन, सामुदायिक वन संरक्षण र सामुदायिक वन व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी खाली प्रति जग्गामा वृक्षारोपण गरी हरियाली नगर बनाउने नीति लिइने छ ।

**४.२ विपद् व्यवस्थापन :**

१२३. विपद्हरूको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

१२४. पूर्वाधार विकासका क्रियाकलापहरू संचालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्न व्यवस्था मिलाइएको छ ।

१२५. सम्भावित बाढीजन्य प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउमा बाँध, तटवन्ध, पुल तथा निकासहरूको उचित व्यवस्थापन गरिनेछ ।

१२६. विपद्को समयमा आपतकालिन उद्धार र राहतको लागि खुला सार्वजनिक स्थानको पहिचान गरी आपतकालिन आश्रयस्थलको रूपमा विकास गरिनेछ । नगरपालिका प्रशासकीय भवन, वडा कार्यालयहरू र स्वास्थ्य चौकीहरूमा चट्याङ प्रधिरोधक यन्त्र जडान गरिने छ ।

१२७. विपद्बाट हुनसक्ने क्षतिको तत्काल उदार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री खरीद तथा श्रोतको पहिचान गरिनेछ ।

१२८. विपद् व्यवस्थापन कोषको प्रयोगलाई अझ व्यवस्थित गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

१२९. वन्यजन्तु तथा हात्ति आतंकबाट हुने मानवीय, आर्थिक तथा भौतिक क्षती हुन नदिन संघीय सरकार, प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कदम चालिनेछ ।

१३०. जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन गर्न दक्ष जनशक्तिको विकास गर्न तालिम, गोष्ठी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३१. एम्बुलेन्स, दमकल, जस्ता सेवालाई चौबीसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

**४.३ फोहरमैला व्यवस्थापन**

१३२. नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्न उद्योग वाणिज्य संघसग समन्वय सहकार्य गरी व्यवस्थित गरिनेछ । यसको लागि आगामी आर्थिक वर्ष भित्र फोहोरमैला व्यवस्थापनका लागि डम्पिंग साईटको निर्माणलाई पूर्णता दिई संचालनमा ल्याइनेछ ।

१३३. फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रूपमा शौचालय र सेफ्टी ट्यांकी निर्माण गर्नु पर्ने व्यवस्था लागू गरिनेछ ।

१३४. यस नगरपालिका क्षेत्र भित्रको मुख्य स्थानहरूमा सार्वजनिक शौचालय र भिड भाड हुने स्थानमा घुम्ती शौचालयको व्यबस्था मिलाईने छ ।

१३५.स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहर मैला बिसर्जन तथा गुणस्तरिय सेवाको लागी फोहोर बिसर्जन तथा फोहोर प्रसोधन केन्द्रको स्थापना गरिनेछ ।

**४.४ जलाधार संरक्षण**

१३६. नियमित फोहर संकलनको लागि नगर टयांकरको् उपयूक्त व्यबस्था मिलाईनेछ ।

१३७. वन जंगल, वन्यजन्तु, ढुंगा, गिटी बालुवा, नदी, खोला, खानी आदि प्राकृतिक श्रोतहरूको पहिचान गरी वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा मात्र उत्खनन गर्ने व्यवस्था मिलाइनेछ ।

१३८. पानीको श्रोत, मुहान, पोखरी, तलाउ लगायतका जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।

१३९. वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याउन ठेक्का वन्दोवस्त गरिनेछ ।

**४.५ वारूणयन्त्र सञ्चालन र व्यवस्थापन**

१४०. वारूणयन्त्र संचालनको लागि आवश्यक पर्ने जनशक्ति गरिने व्यवस्था मिलाइनेछ ।

१४१. वारूणयन्त्रको सुरक्षा, मर्मत र तयारी अवस्थामा राख्नका लागि आवश्यक वजेट व्यवस्था गरिने छ ।

**५.१ सुशासन तथान संस्थागत विकास**

**५.१ मानव संशाधन विकास :**

१४२. नगरपालिकाबाट प्रदान हुने सेवाहरू चुस्त दुरूस्त बनाउन नगरपालिका अन्तर्गतका सम्पूर्ण शाखा, उप–शाखा तथा मातहतका सम्पूर्ण कार्यालयहरूमा विद्युतिय हाजिरीको व्यवस्था मिलाइनेछ ।

१४३. जनप्रतिनीधिहरूको क्षमता विकासका लागि आवश्यक्ता को पहिचान गरी सोही अनुसार तालिम सञ्चालन गरिनेछ ।

१४४.नगरपालिकाबाट प्रदान हुने सेवाहरूलाई पारदर्शी, जवाफदेही, नियमित, मित्तव्ययी बनाईनेछ । यसका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैङ्गिक उत्तरदायी बजेट निर्माण र विश्लेषण जस्ता क्रियाकलाप सञ्चालन गरिने छ ।

१४५. पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्न पत्रकारहरूलाई तालिम, सम्मान साथै पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१४६. कञ्चनरुप नगरपालिकाको सेवा कार्यालयहरू, हाटबजारहरूलाई अत्यावश्यक पर्ने जग्गा लिन जग्गाधनी र न.पा. बीचको संझौता वा मुआब्जामा आवश्यक वजेट विनियोजन गरी सम्बन्धित निकाय□रा अधिकरण गर्ने नीति लिइनेछ ।

१४७. आन्तरिक पर्यटनलाई बढावा दिने उदेश्यले यस नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई आन्तरिक तथा बाह्रय भ्रमणको बिदा मिलाई सो अवधीको सेवा सुबिधाको ब्यबस्था मिलाईने छ ।

**५.२ न्यायिक समिति सम्बन्धी नीति :**

१४८. विवादको निरूपण गर्दा सम्भव भएसम्म मेलमिलापलाई प्राथमिकता दिई दुवै पक्षको सहमतीमा जीत जीतको मूल्यमान्यतामा मिलापत्र गर्न प्रोत्साहन गरिनेछ ।

१४९. न्यायिक समितिलाई प्रभावकारी बनाउनका लागि त्यस समितिका सदस्यहरूलाई न्यूनतम पुर्पक्ष र कार्यविधि एवं अधिकारको अनुशिक्षण तालिमको व्यवस्था गरिनेछ ।

१५०. न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुँै कानूनी शाखा र कानूनी सल्लाहकारको व्यवस्था गरी न्याय सम्पादन कार्यलाई कार्यान्वयन गरिदै गएकोमा निरन्तरता दिइनेछ ।

१५१. न्यायिक समितिले मुद्दा तथा विवादको सुनुवाईको क्रममा आवश्यक्ता अनुसार सम्बन्धित विज्ञ र सरोकारवालाहरूको सहायता लिन सकिनेछ ।

**५.३ शान्ती सुरक्षा सम्बन्धी नीति :**

१५२. नगर भित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थापन गर्न नगर प्रहरी परिचालित गरी स्थानीय सुरक्षा निकायसम् समन्वय गरी प्रभावकारी बनाईनेछ ।

१५३. सबै प्रकारका लागू औषध तथा दुव्यर्सनी र मादक पदार्थ सेवनलाई निरूत्साहित गर्ने जनचेत्तनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**५.४ सस्थागत क्षमता विकास :**

१५४. नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्राविधिक मैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१५५. कुनै एक शाखा वा फाटमा कार्यरत कर्मचारीको अभावमा कार्यालयको काममा अवरोध हुने वा सेवाग्राहीलाई समस्या भोग्नु पर्ने अवस्थालाई अध्ययन गरी सवै कर्मचारीहरूलाई सवै प्रकृतिका कार्य गर्न सक्ने तुल्याउन एक भन्दा बढी शाखाको जिम्मेवारी दिने या निश्चित समयमा शाखा परिवर्तनको नीति लिइनेछ ।

१५६. संविधान प्रदत्त एकल तथा संघीय र प्रादेशिक कानून वमोजिम साझा अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक नीति, कानून, कार्यविधि, मापदण्डहरू निर्माण गरी कार्यान्वयन र नियमन, अनुगमन गरिनेछ ।

१५७. नगरपालिकामा कार्यरत कर्मचारीहरू, वडा सचिवहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको कायर्क्रम सञ्चालन गरिनेछ ।

१५८. योजना निर्माणको चरणमा वालवालिकाहरूको प्रतिनिधित्व सुनिश्चित गरी उनीहरूबाट माग भएको योजनाहरूमा नगर तथा वडाहरूबाट बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

१६९. स्थानीय निकायमा कार्यरत र समायोजन भई आएका कर्मचारीहरूको वृत्ति विकासका लागि कर्मचारीको स्तर वृद्धि सम्बन्धी ऐन, २०७८ तथा कञ्चनरूप नगरपालिकाको कर्मचारी स्थायी पदपूर्ति नियमावली, २०७८ वमोजिम कार्यान्वयन गरिनेछ ।

१६०. कञ्चनरूप न.पा.का १२ वटै वडाका वस्तीहरूमा टोल विकास संस्था गठन गर्ने र न.पा.भित्रका रोडहरूको नामाकरण गरी होर्डिङ्ग वोर्ड राख्ने व्यवस्था मिलाउने छु ।

**५.५ लघु तथा सुरक्षित आप्रवासन :**

१६१. गरिवी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिंदै विपन्न परिवारलाई रोजगारीको श्रृजना गरिनेछ ।

१६२. विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, पशुपालन व्यवसाय तथा अन्य रोजगारीका अवसर उपलब्ध गराउने गैर सरकारी संघ□संस्थाहरूको समन्वय सहकार्यमा र लागत साझेदारीमा युवा लक्षित सीप विकास तथा व्यवसायिक तालिमहरू सञ्चालन गरिनेछ ।

१६३. वैदेशिक रोजगारका कारण मानसिक समस्या भएका व्यक्तिलाई उपचार, ज्यान गुमाएका परिवारका वालवालिकाहरूको शिक्षाका लागि र आश्रित महिलाहरूको लागि आकस्मिक कोष स्थापना गर्ने ।

१६४. वैदेशिक रोजगारको कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असर वा मनोसामाजिक समस्यालाई न्यूनिकरणको लागि मनोसमाजिक परामर्श सेवा प्रदान गर्ने ।

१६५. रोजगार प्रवर्द्धन सृजनाका लागि वित्तिय साक्षरता कार्यक्रमलाई थप प्रभावकारी बनाउन वजेट विनियोजन गरिनेछ ।

**५.५ राजश्व परिचालन तथा आर्थिक प्रशासन :**

१६६. कञ्चनरूप नगरपालिकामा अगामी आर्थिक वर्ष २०८१।०८२ देखि अनिवार्य रूपमा सम्पत्ति कर लागू गरिनेछ । एकिकृत सम्पत्ति कर प्रयोजनको लागि सम्पत्तिको वर्गीकरण र मूल्या□न गरी प्रतिवेदन पेश गर्न यथाशिघ्र एक कार्यदल गठन गरी कार्यारम्भ गरिनेछ ।

१६७. नगरपालिकालाई आवधिक रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।

१६८. करका दरहरूलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

१६९. करको दायरामा नआएका क्षेत्रहरूलाई करको दायरामा ल्याइनेछ । यसको लागि चालु आर्थिक वर्षमा नै आन्तरीक राजश्व अभिवृद्धि सुझाव तथा कार्यदल बनाई कार्य गरिनेछ ।

१७०. दर्ता भएका व्यवसायलाई अनुगमन गर्ने व्यवस्था गरिनेछ । स्थानीय स्तरमा स्थापना भएको व्यवसायहरूको तथ्याङ्क दुरूस्त गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

१७१. राजश्व सुदृढिकरणको लागि सुत्र प्रणाली लागू गरी कर तथा गैर कर चुहावट न्यूनिकरण गर्ने व्यवस्था मिलाइने छ ।

१७द्द. राजश्व अभिवृद्धिका लागि विज्ञहरुबाट अध्ययन अनुसन्धान गरी राजश्व वृद्धि गर्ने नीति लिइने छ ।

**५.६ आन्तरिक र अन्तिम लेखा परीक्षण :**

१७३. नगरबाट भएका आम्दानी तथा खर्च सम्बन्धी कामक कारवाहीलाई नियमित्ता, दक्षता कार्यक्षमता, प्रभावकारिता र औचित्यताको आधारमा कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१७४. गत आ.व.को लेखापरीक्षणबाट कायम हुन आएको वेरूजु असुल उपर तथा फर्छ्यौटका लागि तदारूकताका साथ कारवाही अगाडी बढाई फर्छ्यौट तथा असुल उपर गरिनेछ ।

१७५. कर्मचारी, शिक्षक र स्कूलमा विद्यार्थीको उपस्थितिलाई अव्यवस्थित गर्नको लागि प्रविधिको अधिकतम प्रयोग गरी सबै विद्यालयमा Bio-Metric उपकरण प्रयोग गरिनेछ ।

१७६. नगरपालिका अन्तर्गतका सेवाग्राहीलाई लक्षित बैंकिंग E-payment को लागि वैंकसंग कारोवारको लागि सम्झौता गरिनेछ ।

१७७. प्रविधिको अधिकतम प्रयोग गर्नको लागि जनप्रतिनिधि, कर्मचारी र शिक्षकको लागि तालिम संचालन गरिनेछ ।

**५.७ सेवा प्रवाहका मापदिण्ड निर्धारण :**

१७८. सेवा प्रवाहलाई उपलब्ध वजेट र जनशक्तिको आधारमा अधिकतम रूपमा प्रविधिमैत्री बनाउदै लगिनेछ ।

१७९ लागत अनुमान तयारी, मूल्याङ्कन विलको तयारी, योजनाको प्रशासनिक कामको तयारी तथा अभिलेखिकरण, कर संकलन तथा अभिलेखिकरण जस्ता कृयाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउन सफ्टवेयर र प्रविधिलाई अवलम्बन र प्रयोग गरिनेछ ।

**६. आ.व.०८१।०८२ को लागि प्रस्ताावित वजेट**

कुल वजेट – ६८ करोड ७९ लाख ९९ हजार ५ सय मात्र । (संघीय र प्रदेश राजश्व बाडफाड चालु, विशेष र अनुदान समेत ) रहेको व्यहोरा निवेदन गर्दछु ।

जसमध्ये,

चालु तर्फ – रू ४३,६६,९९,५००। जुन कुल वजेटको ६३.४७% र पूँजीगत तर्फ-रु. २५,१३,००,०००। जुन कुल वजेटको ३६.५२% रहेको छ ।

चालु तर्फको कुल वजेट रु.४३,६६,९९,५००।- लाई सत प्रतिशत मानी सञ्चालन तर्फ रु.१५,०२,००,०००।- जनु कुल चालु वजेटको ३४.३९% रहेको छ भने विभिन्न संचालन तर्फ रु.२८,६४,९९,५००।- जुन कुल चालु वजेटको ६५.६०% रहेको छ ।

त्यसैगरी,

पूँजीगत तर्फको कुल वजेट रु.२५१३,००,०००।- मध्ये संघीय र प्रदेश सशर्त, समपूरक र विशेषमा जम्मा रु. ८,९३,००,०००।- (जसको योजना संघ र प्रदेश वाटै प्राप्त हुने हुँदा स्थानीय तहबाट विनियोजन गरिरहन नपर्ने) तथा स्थानीय तहबाट योजना बनाई विनियोजन गर्नुपर्ने संघीय तथा प्रदेश वित्तिय समानिकरण र स्थानीय आन्तरिक आयबाट प्राप्त जम्मा रकम रु. १७,२०,००,०००।- लाई सतप्रतिशत मानि तपशिल वमोजिम विनियोजन गरेको छु ।

समपूरक तर्फ रु २,००,००,०००।- (११.६२%)
वडा स्तरीय योजना तर्फ रु. ७,००,००,०००।- (४०.६९%)
कार्यालय संचालन तर्फ रु. ७०,००,०००।- (४.०६%)
नयाँ प्रशासनिक भवन तथा अस्पताल व्यवस्थापन तर्फ रु.५००००००।- (२.९०%)
नगर स्तरीय योजना तर्फ रु. ३,४६,६५,५८६।- (२०.१५%)
आर्थिक विकास समिति तर्फ रु. २८,९७,६१०।- (१.६८%)
वन वातावरण तथा विपद् व्यवस्थापन शाखा तर्फ रु.३५,३९,६३५।- (२.०५%)
सामाजिक विकास तर्फ रु. २,२०,९७,१६९।- (१२.८४%)
सुशासन तथा संस्थागत विकास तर्फ रु. ६०,००,०००।- (३.४८%)
न्यायिक समिति तर्फ रु. ८,००,०००।- (०.४६%)

- मैले प्रस्तुत गरेको वजेटको कार्यान्वयनबाट उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग र समन्यायिक वितरण भई नगरबासीको जीवनस्तरमा सुधार हुने विश्वास लिएको छु। सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अविवृद्धि भई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा समृद्ध कञ्चनरुप नगरपालिका वनाउने ध्येयका साथ सीमित श्रोत साधनका बाबजुद् ल्याईएको यस वजेट तर्जुमाको क्रममा अमूल्य सल्लाह सुझाव दिनुहुने नगर प्रमुखज्यू,

वडाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, सञ्चार जगत र नगरवासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै सबै प्रति आभारी हुँदै धन्यावद व्यक्त गर्दछु। साथै प्रस्तुत वजेटको सफल कार्यान्व्यनबाट नगरको हित भई प्रभावकारी गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला सबैको रचनात्मक सहयोग सुझाव र सहकार्यको अपेक्षा सहित सबै क्षेत्रबाट सकारात्मक सहयोग र योगदान हुने विश्वास लिएको छु।

**धन्यवाद !**